# सहमति कार्यान्वयनमा कचपच

भुवन केसी/तिलक पाठक

***प्रकाशित मिति:*** भदौ २०, २०७१

मुख्य राजनीतिक दलहरुबीच विगतमा गरिएको सहमति कार्यान्यनबारे विवाद हुँदा संसद पूर्ण रुपमा अवरुद्ध भयो । सहमतिलाई नै लिएर सत्तारुढ दलहरुबीच पनि समस्या देखा पर्‍यो । संविधान निर्माणबारे निरन्तर छलफल तथा संवाद भएपनि विवादित मुख्य विषयमा सहमति हुने वातावरण तयार भएन । सत्तारुढ दल एमाले र प्रतिपक्षी दलहरु एमाओवादी, राप्रपा लागयतका राजनीतिक दलहरु आन्तरिम विवादमा रुमलिए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणले नेपाल र भारतबीचको सम्बन्धमा नयाँ तरङ् ल्यायो । ढिलै भएपनि मन्त्रिपरिषद्बाट २६ जना सभासद्को नियुक्ति प्रक्रिया सुरु भयो ।

## सहमति कार्यान्वयनमा कचपच हुँदा संसद अवरुद्ध

सत्तारुढ दल काँग्रेस, एमाले, एकीकृत नेकपा माओवादी लगायत आठ राजनीतिक दलबीच गत पुसमा चार बुँदे सहमति भएकोमा प्रतिपक्षीमा रहेका दलहरुले चालू अधिवेशनमा बजेट पेश भएपछि विगतका सहमति कार्यान्वयनमा जोड दिए । त्यतिबेला दलहरुबीच शान्ति प्रकृयाका बाँकी काम र संविधान निर्माणमा सहयोग पुर्‍याउन प्रमुख राजनीतिक दलका शिर्ष नेताहरु रहने गरी समिति गठन गर्ने सहमति भएको थियो ।[1] संविधानसभाको निर्वाचनबाट तेस्रो स्थानमा खुम्चिएको एमाओवादी पार्टी अध्यक्ष पुष्पकमल दाहालको संयोजकत्वमा संयन्त्र गठन गर्न चाहन्थ्यो । तर सार्वजनिक सभामा भने एमाओवादी अध्यक्ष दाहालले आफूहरुको उद्देश्य संयन्त्रको संयोजक नभएको बताए ।[2] त्यसमा एमाओवादीले तराई मधेश केन्द्रीत राजनीतिक दलहरुलाई पनि समावेश गर्न चाहेको थियो । संविधानसभाको निर्वाचनबाट किनारामा पुगेका तराई मधेश केन्द्रीत राजनीतिक दलहरु र संविधानसभामा रहेका साना दलहरु पनि संयन्त्रमा रहेर आफ्नो भूमिका निर्वाह गर्न चाहान्थे । किनकि उनीहरुले पहिलेदेखि नै संविधान निर्माणबारे तीन दलबीच हुने छलफल र सहमतिप्रति असन्तुष्टि व्यक्त गर्दै आएका थिए । सहमति गरेपनि सत्तामा पुगेपछि भने काँग्रेस र एमाले

[1] २०७० साल पुष ९ गते आठ राजनीतिक दलहरुबीच चार बुँदे सहमति भएको थियो ।

[2] एमाओवादीले अवरुद्द गर्‍यो संसद बैठक । Retrieved September 4, 2014 from http://setopati.com/raajneeti/16665/ ।

उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गर्ने पक्षमा देखिएनन् । संयन्त्र बनाउने र त्यसको अध्यक्ष पनि बनाउन भनी एमाओवादीले राखेको प्रस्तावलाई उनीहरुले पटक-पटक अस्वीकार गरे ।[3]

उच्चस्तरीय समितिभन्दा उनीहरुले संविधानसभा राजनीतिक संवाद तथा सहमति समितिमार्फत संविधानका विषयबारे छलफल गर्न चाहे । संविधान निर्माणबारे समितिमा छलफल गर्न सकिने भएकाले समिति जरुरी नभएको उनीहरुको भनाइ थियो । काँग्रेस र एमालेका नेताहरु एमाओवादी अध्यक्ष दाहाललाई थप भूमिका दिने पक्षमा देखिएनन् । राजनीतिक समिति बनाउँदा संविधान निर्माण संविधान बाहिर जाने भय पनि उनीहरुमा थियो । त्यसैलै उनीहरु राजनीतिक समिति गठनको विपक्षमा देखिए । विगतको सहमति अनुसार समिति गठन गर्ने नै हो भने त्यसको नेतृत्व स्थायी रुपले एमाओवादी नेतृत्वलाई दिन नहुने र आलोपालो गर्नुपर्नेमा उनीहरु थिए । एमाओवादीले समितिको नेतृत्व स्थायी रुपमा लिन चाहेपछि उनीहरु भस्किए । बेला बेलामा समिति गठनप्रति काँग्रेस केही लचिलो देखिएको थियो । दाहाललाई कुनै न कुनै रुपमा भूमिका नदिए निर्धारित मितिमा संविधान आउन नसक्ने निष्कर्षसहित प्रधानमन्त्री सुशील कोइराला समिति बनाउन सकारात्मक थिए ।[4] तर, एमाले भने निकै कठोर देखियो । त्यसपछि विगतका सहमति कार्यान्वयन गर्न दबाब दिँदै एमाओवादी नेतृत्वको संघीय गणतान्त्रिक मोर्चाले ४ बुँदे सहमति पूरा गर्न काँग्रेस, एमालेलाई २४ घण्टे अल्टिमेटम दिए ।[5] सो अवधिमा सरकारका तर्फबाट माग सम्बोधन नभएपछि प्रतिपक्षी दलहरुले सदन अवरुद्ध गरे । एमाओवादी अध्यक्ष दाहालले संसदमा बोल्दै लामो समयसम्म पनि सहमति कार्यान्वयन गर्न काँग्रेस एमाले तयार नभएपछि बाध्य भएर संसद अवरुद्ध गर्नुपरेको बताए ।[6] जसले गर्दा विनियोजन विधेयकमाथिको सबै छलफल अवरुद्ध हुन पुग्यो । प्रतिपक्षीले संसद अवरुद्ध गरेर जनताको मुख थुन्ने प्रयास गरेको आरोप सत्तापक्षले लगाए । सत्तापक्ष र प्रतिपक्ष आ-आफ्नै अडानमा रहेकाले अवरुद्ध संसद बैठक खुल्न सकेन ।

## काँग्रेस र एमालेबीच पनि विवाद

[3] नेपाल, बालकुमार । भदौ ८, २०७१ । संयन्त्र बनाउने दाहालको माग सत्तारुढ दलद्वारा अस्वीकार । अन्नपूर्ण, पृ. ३ ।

[4] न्यौपाने, कुलचन्द्र । भदौ १२, २०७१ । उच्चस्तरीय समितिमा काँग्रेस सकारात्मक । कान्तिपुर, पृ. १ ।

[5] सहमति कार्यान्वयनका लागि एमाओवादी नेतृत्व मोर्चाको २४ घण्टे अल्टिमेटम । Retrieved September 2, 2014 from http://setopati.com/raajneeti/16483/

[6] एमाओवादीले अवरुद्ध गर्‍यो, संसद । Retrieved September 1, 2014 from http://setopati.com/raajneeti/16665/

सरकार गठन हुनु एक दिनअघि २०७० साल माघ २६ गते काँग्रेस र एमालेबीच सात बुँदे सहमति भएको थियो । तर, सहमतिमा उल्लेखित सरकारले प्रस्ताव ल्याउने र संविधानसभाले राष्ट्रपति र उपराष्ट्रपतिको अनुमोदन गर्ने बुँदाबारे एमाले र काँग्रेसबीच पुनः विवाद उत्पन्न भयो । एमाले सहमतिअनुसार राष्ट्रपति र उपराष्ट्रपतिलाई संसदबाट अनुमोदन गराउनुपर्ने पक्षमा उभियो । एमालेको सो भनाइप्रति काँग्रेस नेताहरुले आश्चर्य व्यक्त गरे । राष्ट्रपति रामवरण यादवले संसदमा नीति तथा कार्यक्रम पेश गरेपछि उनी स्वतः अनुमोदित भएको काँग्रेसको तर्क थियो । काँग्रेसको यस भनाइप्रति एमालेका नवनिर्वाचित अध्यक्ष केपी शर्मा ओली सहमत भएनन् । विगतमा भएको सहमति कार्यान्वयन गराएर ओलीले आफ्नो प्रभाव देखाउने प्रयास गरेका थिए । सोही अनुसार संसदमा सम्बोधन गर्दा र दुई पक्षिय वार्ताका क्रममा पनि राष्ट्रपति र उपराष्ट्रपति अनुमोदन हुनुपर्ने विषयलाई प्राथमिकताका साथ उठाए । ओलीको भनाइलाई एमालेका अरु नेताले पनि साथ दिए । एमाले सचिव योगेश भट्टराईले तत्काल राष्ट्रपति र उपराष्ट्रपति संसदबाट अनुमोदन नभए आफ्नो पार्टीले गठबन्धन तोड्ने चेतावनी दिए ।[7] काँग्रेसका नेताहरु भने यसबारे छलफल गर्न समेत तयार भएनन् । काँग्रेस प्रवक्ता दिलेन्द्रप्रसाद बडुले राष्ट्रपति बारेमा सर्वोच्च अदालतमा निर्णय भइसकेको, संसदमा गएर राष्ट्रपतिले सरकारको नीति तथा कार्यक्रम पढिसकेको र संसदले नै राष्ट्रपतिलाई सर्वसम्मतिमा धन्यवाद प्रस्ताव अनुमोदन गरिसकेकाले मुद्दा उठाउनु भनेको संविधान निर्माण प्रकृयालाई ओझेलमा पार्नु हो[8] भने ।

एमाले संसदीय दलका नेता समेत रहेका अध्यक्ष ओलीले केन्द्रीय कमिटीमा सरकार गठन हुँदा हस्ताक्षर गरिएको सात बुँदे सहमति कार्यान्वयन नभएको, सरकार सञ्चालनमा सहकार्यको अनुभूति आफूहरुले गर्न नपाएको जस्ता विषयमा पार्टी गम्भीर रहेको र यस सम्बन्धमा काँग्रेससँग निर्णायक छलफल गर्ने जानकारी गराए ।[9] यसबारे दुई दलबीच पनि छलफल भयो । तर, पछि काँग्रेसले दुई दलको बैठकमा राष्ट्रपतिको विषय प्रवेश नगराउन एमालेलाई आग्रह गर्‍यो । प्रधानमन्त्री कोइरालाले भने, ‘अबको छ महिनामा संविधान तयार

---

[7] कार्यान्वयन नभए गठबन्धन तोडिन्छ : भट्टराई । Retrieved September 4, 2014 from http://setopati.com/raajneeti/15582/ ।

[8] एमालेसँग भएको ७ बुँदे पूर्ण रुपमा कार्यान्वयन भएको छ : बडु । Retrieved September 1, 2014 from http://setopati.com/raajneeti/15581/ ।

[9] केन्द्रीय कमिटीको दोस्रो बैठक प्रराम्भ । Retrieved September 4, 2014 from http://www.cpnuml.org/content/newsdetails/259.html

गरी जारी गरौ, संविधान जारी भएपछि म एक दिन पनि कुर्सीमा बस्दिन । राष्ट्रपति पनि बस्नुहुन्न । त्योभन्दा अगाडि राष्ट्रपतिका बारेमा विवाद नगरौं ।'[10]

एमालेले राष्ट्रपति पनि संविधानसभाबाट अनुमोदन हुनुपर्छ भनी अघि सारेको प्रस्तावप्रति राष्ट्रपति पनि खुशी थिएनन् । राष्ट्रपतिका स्वकीय सचिव ललितबहादुर बस्नेतले राष्ट्रपतिका बारेमा प्रवेश गर्ने हो भने महाअभियोग लगाए हुन्छ[11] भन्ने प्रतिक्रिया दिए । त्यसपछि एमालेले राष्ट्रपतिको मुद्दालाई त्यति सारो उठाएन । काँग्रेस र एमालेबीच सत्ता सञ्चालनको विषयलाई लिएर पनि खचपच भयो । काँग्रेसले आाफूहरुको मन्त्रालयमा हस्तक्षेप गरेको आरोप एमाले मन्त्रीहरुले लगाए ।[12] खासगरी राजदूत नियुक्ति र स्वास्थ्य क्षेत्रमा काँग्रेसले अप्ठयारो पारेको एमाले मन्त्रीहरुको भनाई थियो ।

## २६ सभासद् नियुक्ति सुरु

संविधानसभाको निर्वाचन भएको दश महिना हुँदा पनि मन्त्रिपरिषद्ले २६ जनालाई संविधानसभामा मनोनयन नगरेका बेला प्रमुख प्रतिपक्षी दल एमाओवादीले नेतृत्व गरेको २२ दलिय संघीय लोकतान्त्रिक गणतान्त्रिक मोर्चाले आपत्ति जनायो । त्यसको अर्को दिन बसेको मन्त्रिपरिषद्को बैठकले राजनीतिक दलहरुको सिफारिसको आधारमा १७ जनालाई संविधानसभा सदस्यमा मनोनित गऱ्यो । संविधानसभाको राजनीतिक दलको आकार अनुसार संख्या निर्धारण गरिएकोमा काँग्रेस र एमालेले ८/८ र राप्रपा नेपालले सभासद्का लागि १ जनाको नाम दिए । सोही अनुसार मन्त्रिपरिषदले संविधानसभा सदस्यमा मनोयनन गऱ्यो । तर, प्रमुख प्रतिपक्षी दल एमाओवादी र तराई मधेशकेन्द्रीत राजनीतिक दलहरुले भने यस समयमा नाम दिएनन् । सत्तारुढ दलसँगको खचपचको कारणभन्दा पनि आन्तरिक तयारी नपुगेकाले उनीहरुले नाम नदिएका हुन् । काँग्रेस र एमालेले दिएको नाममा पनि विवाद भयो । एमाले सचिव योगेश भट्टराईले मनोनयन सिफारिस एकलौटी रुपमा गरिएको भन्दै पार्टी नेतृत्वलाई पत्र नै बुझाए ।[13]

पार्टीभित्रै छलफलै नगरी मनोमानी किसिमले नियुक्त गरेको भन्दै दुवै पार्टीभित्र असन्तुष्ट बढ्यो । राप्रपा नेपालको सिफारिसमा नियुक्त भएका गणेश थापा निकै विवादमा परे । अखिल नेपाल फुटबल संघ (एन्फा)मा भ्रष्टाचार गरेको आरोपमा संसदको सार्वजनिक लेखा

[10] बानियाँ, बलराम । भदौ ५, २०७१ । राष्ट्रपतिबारे विवाद नगर्नुहोस् । कान्तिपुर, पृ. १ ।

[11] 'राष्ट्रपति अनुमोदन गर्ने सहमति संविधान विपरित' । साउन २७, २०७१ । नागरिक, पृ. २ ।

[12] नेपाल, बालकुमार । साउन २५, २०७१ । काँग्रेसले काम गर्न नदिएको एमाले मन्त्रीहरुको गुनासो । अन्नपूर्ण पोष्ट, पृ. २ ।

[13] सभासद् मनोनयनमा योगेश भट्टराईको असहमति । Retrieved September 2, 2014 from http://www.ekantipur.com/np/2071/5/14/full-story/394937.html

समितिले अनुसन्धान गरिरहेका बेला मन्त्रिपरिषद्ले थापालाई मनोनयन गरेकोमा चौतर्फी आलोचना भयो । तर, न त राप्रपा नेपालले फिर्ता बोलायो, न त मन्त्रिपरिषद्ले नै अस्वीकार गऱ्यो । सार्वजनिक दबाब भएपनि थापाले राजीनामा दिएनन् ।

## संवाद समितिको सक्रियता

संविधानका विवादित बुँदाहरुमा सहमति जुटाउन संविधानसभा राजनीतिक संवाद तथा सहमति समिति निरन्तर सकृय भयो । समिति अन्तर्गत रहेको वार्ता उपसमितिले पूर्वी र मध्य तराईमा सकृय पाँच वटा समूहसँग वार्ता गरि चार बुँदे सहमति गऱ्यो । समितिमा भएको छलफलमा प्रदेश व्यवस्थापिका एक सदनात्मक बनाउन राजनीतिक दलहरु सहमत भए । संविधानका मुद्दाहरुमा मुख्य विवादास्पद ठानिएको न्यायप्रणाली सम्बन्धी पनि समितिले छलफल चलायो जसमा दलहरुबीच संवैधानिक अदालत राख्ने नि नराख्ने भन्नेमा मत बाँझियो । एमाओवादी संवैधानिक अदालत राख्ने पक्षमा उभियो भने काँग्रेस र एमाले संवैधानिक अदालत नराख्ने पक्षमा । राजनीतिक दलहरुबीच छलफल हुने तर सहमति खासै नभएको अवस्थामा समितिका सभापति बाबुराम भट्टराईले संविधानका विवादित विषयबारे मुख्य सहमति जुटाउन काँग्रेस, एमाले र एमाओवादीका शिर्ष नेताहरुलाई आग्रह गरे । यसबीचमा उनले न्यायपालिकाबारे सर्वोच्च अदालतका न्यायाधीशहरुसँग पनि छलफल गरे । जसमा न्यायाधीशहरुले संवैधानिक अदालत गठनको व्यवस्था नराख्न सुझाव दिए ।[14] समितिले गर्ने क्रममा राजनीतिक दलहरुबीच नेपालको स्वाधिनता, राष्ट्रिय अखण्डता, सार्वभौमिकता र नेपाली जनतामा निहित सार्वभौमसत्तालाई संविधानको अपरिवर्तनिय धारामा राख्न भने दलका नेताहरु सहमत भए ।[15]

## काँग्रेस, एमाले र एमाओवादी सक्रियता

संविधानका विवादित विषयमा सहमति खोज्न भन्दै काँग्रेस, एमाले र एमाओवादी पनि सकृय भए । उनीहरुबीच छलफल भएपनि प्रगति हुन सकेन । दलहरुले पुरानै अडान दोहोऱ्याएकाले प्रगति हुन नसकेको हो । यस क्रममा दलहरुले आन्तरिक रुपमा पनि छलफल गरे । एमाले केन्द्रीय कमिटीको बैठकमा ओलीले सहमति निर्माणका लागि

[14] संवैधानिक अदालत नबनाउन न्यायाधीशको सुझाव । भदौ ११, २०७१ । नागरिक, पृ. २ ।
[15] भदौ १२, २०७१ । कान्तिपुर टिभी ।

अन्तिमसम्म पनि प्रयत्न गर्ने र सहमति निर्माण हुन नसके प्रकृयाका माध्यमबाट भएपनि विवादित विषयहरुको टुंगो लगाउने जानकारी गराए ।[16]

राज्यपुनर्संरचनाबारे एमालेको पदाधिकारी बैठकमा छलफल हुँदा सात प्रदेशको अडानमा कायम रहने निर्णय भयो । काँग्रेस र एमाले छुट्टै पनि सक्रिय भए । संविधानका विवादित विषयमा सहमति खोज्नका लागि उनीहरुले दुई दलीय कार्यदल गठन गरे । संवाद समितिले पार्टीको धारणा माग गरेपछि काँग्रेस र एमालेले संविधानका विवादित विषयमा पार्टीगत छलफल तथा तयारी बढाएका हुन् । तर, पछि दलहरुबीच छलफल जारी रहेका बेला एमाले अध्यक्ष केपी शर्मा ओलीले भने एमाले सात प्रदेशबाट पछि हट्ने संकेत गरे । उनले एमाले नेता माधवकुमार नेपालसँगको कुराकानीमा उत्तर दक्षिण तीनदेखि पाँच प्रदेशको पक्षमा आफू रहेको र सोही अनुसार अन्य दलसँग छलफल गर्न नेपालाई आग्रह गरे ।[17] संविधानका विवादित विषयमा छलफल भएपनि महत्वपूर्ण विषयमा सहमति नुहँदा कार्यतालिका प्रभावित हुने स्पष्टै संकेतहरु देखा परेका थिए । एमाओवादी अध्यक्ष दाहालले पनि संघीयतामा काँग्रेस एमाले लचिलो भए एमाओवादी शासकीय स्वरुपमा लचिलो हुन तयार रहेको बताए ।[18] एमाओवादीको प्रस्तावलाई काँग्रेसले सकारात्मक रहेको प्रतिकृया दियो ।[19] यसबारे काँग्रेसको पदाधिकारी बैठकमा छलफल भयो । सहमतिका लागि संघीयता र राज्यपुनर्संरचनाबारे लचक रुपमा प्रस्तुत हुने सहमति भयो । तरपनि प्रमुख दलका नेताहरुले संविधानका अन्तर्वस्तु र थाँती प्रमुख विवादमा सहमति जुटाउन तत्काल छलफल अघि बढाउन समय सीमामै काम सक्ने दृढता व्यक्त गरे ।[20]

## एमालेमा विवाद

सत्तारुढ दल एमालेको नवौं महाधिवेशन सकिएको एक महिनापछि बसेको केन्द्रीय कमिटीको बैठकमा पोलिट्ब्यूरो चयन प्रकृयाबारे छलफल भयो । यसको मापदण्डबारे भने नेताहरुबीच विवाद देखा पऱ्यो । अध्यक्ष केपीशर्मा ओली पक्षका नेताहरु केन्द्रीय कमिटीमा एक कार्यकाल पूरा नगरेपनि पोलिट्ब्यूरो सदस्य हुन सक्ने पक्षमा उभिए । नेता माधवकुमार नेपाल पक्षका

---

[16] केन्द्रीय कमिटीको दोस्रो बैठक प्रराम्भ । Retrieved September 3, 2014 from http://www.cpnuml.org/content/newsdetails/259.html

[17] ढुंगेल, माधव । साउन २२, २०७१ । उत्तर दक्षिण तीनदेखि पाँच प्रदेशका पक्षमा ओली । अन्नपूर्ष पोष्ट, पृ. १ ।

[18] तिमल्सिना, प्रकाश । भदौ ४, २०७१ । संविधानमा लेनदेन प्रस्ताव । नागरिक, पृ. १ ।

[1919] अधिकारी, बालकृष्ण । भदौ ५, २०७१ । दाहालको प्रस्तावमा काँग्रेस ‘सकारात्मक’ । नागरिक, पृ. १ ।

[20] पाण्डे, बलराम । साउन २९, २०७१ । कार्यतालिका ननाघ्न प्रमुख तीन दल दृढ । नागरिक, पृ १ ।

नेताहरु केन्द्रीय कमिटीमा एक कार्यकाल पूरा गरेका नेतामात्र पोलिट्ब्यूरो सदस्य हुनुपर्ने मापदण्डको पक्षमा देखा परे ।[21]

नवौं महाधिवशेनमा विधान संशोधन सम्बन्धी प्रस्तावलाई आ-आफ्नो अनूकूल व्याख्या गरेपछि यसमा सहमति हुन सकेन । त्यसपछि पोलिट्ब्यूरो सदस्यको मापदण्डबाहेक अरु सबै विषयमा सहमति कायम गर्दै केन्द्रीय कमिटीको बैठक सम्पन्न भयो । बैठकले पोलिट्ब्यूरो चयनमा रहेको प्रावधानको विवाद मिलाउने जिम्मा पदाधिकारीलाई दियो ।[22]

## एमाओवादीमा पनि विवाद

एमाओवादीको स्थायी समितिको बैठकले अनुशासन उल्लंघन गरेको आरोपमा नेता बाबुराम भट्टराई पक्षका नेताहरु गंगा श्रेष्ठ र रामरिझन यादवलाई कारवाही गऱ्यो ।[23] त्यसपछि एमाओवादीको विवाद थप बल्झियो । शिर्ष नेताहरुबीच विवाद जारी रहँदा अध्यक्ष दाहालले भट्टराईले पार्टी नफुटाउने विश्वास व्यक्त गरे ।[24] भट्टराईले केन्द्रीय कमिटी लागयत पार्टी संरचना नै अवैध भएको बताए ।[25] संविधान निर्माणबारे पनि उनीहरुले एकअर्कोलाई आरोप लगाउन पछि परेनन । भट्टराईले संविधान निर्माण र पार्टी पुनर्निर्माणको दायित्वबाट पार्टीलाई भगाउन र मूल नेतृत्व भाग्न खोजेको त होइन भन्ने गम्भीर आशंका भएको बताए भने त्यसको प्रतिबाद गर्दै अध्यक्ष दाहाल निकट मानिएका हरिबोल गजुरेलले बाबुरामजीले खासमा अरु मुद्दा नभएपछि अध्यक्ष संविधान लेखनप्रति उदासिन भएको तथा भाग्न खोजेको आरोप लगाएको धारणा व्यक्त गरे ।[26]

विवाद बढिरहेका बेला एमाओवादीको बहस व्यस्थापन समितिको बैठक बस्यो । संगठनिक र वैचारिक विवाद मिलाउनका लागि भन्दै दुवै पक्षले तत्काल गतिविधि रोक्ने निर्णय गरे । जसमा संस्थापन पक्षले एकलौटी रुपमा चलाउँदै आएका प्रशिक्षण रोक्ने र भट्टराई पक्षले समानन्तर समिति गठन बन्द गर्ने थियो ।[27] तर, ब्यवहारमा भने सो निर्णय कार्यान्वयन हुन सकेन । नेता भट्टराई पक्षले काठमाडौंमा समानान्तर समिति गठन गऱ्यो । त्यसपछि विवाद मिलाउन भन्दै दाहाल र भट्टराईबीच भेटघाट भयो पनि । तैपनि विवाद मिल्ने वातावरण

---

[21] साउन २९, २०७१ । कान्तिपुर टिभी ।

[22] साउन ३१, २०७१ । कान्तिपुर टिभी ।

[23] साउन २०, २०७१ । भट्टराई पक्षधर नेताहरु कारवाही । कान्तिपुर, प. १ ।

[24] बीसी, गंगा । ‘बाबुरामजीले पार्टी फुटाउनहुन्न’ । साउन २१, २०७१ । कान्तिपुर, पृ. १ ।

[25] खनाल, दुर्गा  र सरोजराज । साउन २२, २०७१ । पार्टी संरचना नै अवैध : भट्टराई । कान्तिपुर, पृ.१ ।

[26] तिमल्सिना, प्रकाश । साउन २३, २०७१ । दाहाल संविधान लेखनबाट भाग्लान ? । नागरिक, पृ. २ ।

[27] बीसी, गंगा । साउन २६, २०७१ । एमाओवादीमा ‘द्वन्द्वविराम’ । कान्तिपुर, पृ ३ ।

तयार भएन । भट्टराई पक्षले सप्तरीमा समानान्तर समिति गठन गऱ्यो । नेताहरु विवाद मिलाउन भन्दै भेटघाटमा हुने तर तल्लो निकायमा विवाद बढेपछि पार्टीको विवादबारे पोलिट्ब्यूरोको बैठकमा छलफल भयो । तरपनि सार्थक निष्कर्ष निस्केन ।

## भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमण

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आउने भएपछि विद्युत विकास सम्झौता (पिडिए) र विद्युत व्यापार सम्झौता (पिटिए) हुने भन्दै सरकारी अधिकारी त्यसको तयारीमा लागे । तर त्यसका लागि सहज वातावरण बनेनन । भदौ २ गते दशवटा[28] राजनीतिक दलले राष्ट्रिय हित प्रतिकूलका शर्तहरुका आधारमा सरकार जसरी सम्झौता गर्नका लागि उद्दत भइरहेको छ भन्दै विरोध गरे । उनीहरुले विगतमा माथिल्लो कर्णाली, अरुण तेस्रो, तामाकोशी तेस्रो र माथिल्लो मर्स्याङ्दी दोस्रो लगायतका जलविद्युत परियोजनाहरुको सम्बन्धमा विद्युत निर्यात गर्न पाउने भनी गरिएको सहमतिलाई खारेज गरी ती परियोजनाहरुलाई आन्तरिक आपूर्तिमुखी परियोजनामा परिणत गर्न माग गर्दै सम्झौता गर्नै पर्दाको अवस्थामा पनि आन्तरिक आपूर्तिमुखी परियोजनाहरुसहित राष्ट्रिय हित अनुरुपका प्रावधानहरुको तयारी र त्यसबारे सर्वपक्षीय राष्ट्रिय सहमतीका लागि पहल गर्न सरकारसँग माग गरे । उनीहरुले आफ्नो अभियानलाई निरन्तर रुपमा अघि बढाए । नौ वटा राजनीतिक दल[29]हरुले माथिल्लो कर्णाली जलस्रोत परियोजनाको उर्जा विकास सम्झौता नेपालको जलस्रोतमाथि भारतीय एकाधिकार कायम गराउने भन्दै सो सम्झौता नगर्न सरकारसँग माग गरे ।[30] नेकपा माओवादी लगायतका दलहरुले मोदी नेपाल आउने दिन विरोधसभा पनि राख्यो । तर, तत्काल सम्झौता हुने सम्भावना बढेपछि माओवादी लगायतका दलहरुले विरोधका कार्यक्रम स्थगित गरे । माओवादीले प्रेस विज्ञप्ति जारी गरी पछिल्लो समयमा नेपाल सरकारको तर्फबाट ती सम्झौताहरु हालको लागि थप अध्ययन गर्नुपर्ने भएकोले स्थगित भएको भन्ने कुरा सरकारी स्रोतका साथै विभिन्न सञ्चार माध्यमहरुले पनि उक्त समाचार दिइरहेको हुनाले राष्ट्रिय हित विपरीत सन्धि-सम्झौताहरु फेरि पनि भविष्यमा नहोस् र राष्ट्रिय हित अनुरुपको सन्धि-सम्झौता गर्नुपर्दा पनि विभिन्न राजनीतिक

---

28 दश वटा राजनीतिक दलहरुमा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, जनमोर्चा नेपाल, नेपाल कम्युनिष्ट पार्टी, नेपाल कम्युनिष्ट पार्टी एकीकृत, नेपाल कम्युनिष्ट पार्टी मसाल, नेपाल कम्युनिष्ट पार्टी माओवादी (मातृका यादव संयोजक), नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (माधव ज्ञवाली), नेपाल कम्युनिष्ट पार्टी माले, नेकपा कम्युनिष्ट पार्टी माओवादी र राष्ट्रिय जनमोर्चा थिए ।

29 नौ वटा राजनीतिक दलहरुमा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, जनमोर्चा नेपाल, नेपाल कम्युनिष्ट पार्टी, नेपाल कम्युनिष्ट पार्टी एकीकृत, नेपाल कम्युनिष्ट पार्टी माओवादी (मातृका यादव संयोजक), नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी, नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (माधव ज्ञवाली), नेपाल कम्युनिष्ट पार्टी माले र नेकपा कम्युनिष्ट पार्टी माओवादी थिए ।

30 २०७१ साल भदौ १७ गते नौ वटा राजनीतिक दलहरुले जारी गरेको संयुक्त प्रेस वक्तव्य ।

दलहरुबीच राष्ट्रिय राजनीतिक सहमति कायम गरियोस् भन्ने हाम्रो मागलाई यथावत् राख्दै आज १८ गते देशव्यापी रुपमा आयोजना गरिएका विरोधका कार्यक्रमहरु हालका लागि स्थगित गर्ने निर्णय[31] गरेको जानकारी गरायो ।

भारतीय प्रधानमन्त्रीले नेपाल भ्रमणका क्रममा नेपाल र भारतबीच दुई पक्षिय सहमति भयो । जसमा ४५ दिनभित्र पिटिए र पीडिएबारे सहमति गर्ने पनि थियो ।[32] हुन त यसबारे मोदीको भ्रमणका बेला नै सहमति गर्ने भनिएको थियो । तर, पछि दुवैतर्फ गृहकार्य नपुगेको भन्दै पछि गर्ने सहमति भयो । त्यसपछि पनि नेकपा माओवादीसहितका १० वटा राजनीतिक दलहरुले पीटिए र पीडिए रोक्न माग गरे । संसदमा सम्बोधन गर्दा र नेताहरुसँगको भेटमा उनले संघीय लोकतान्त्रिक गणतन्त्रिक संविधान जारी गर्न भारतको सहयोग र सद्भाव रहने प्रतिबद्धता जाहेर गरे । त्यसका लागि ऋषि मन जरुरी छ, मोदीले भने ।[33] संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी गर्न भारतको पूरा सहयोग रहेको स्पष्ट पारे । उनले तराई मधेश केन्द्रीत राजनीतिक दलहरुलाई पहाड विरोधी राजनीति त्यागेर सबैसँग सहकार्य गर्न समेत आग्रह गरे ।[34] नेपाल भ्रमणका क्रममा मोदीले राष्ट्रपति रामवरण यादवसहित मुख्य दलका अधिकांश नेताहरुसँग भेट गरे । त्यसक्रममा राष्ट्रपति यादव लगायतले संविधान निर्माणमा सहयोग गर्न आग्रह गरेका थिए ।[35]

दश वटा राजनीतिक दलहरुले पीटिए र पीडिएसम्बन्धी सम्झौताहरुको प्रकृया अबिलम्ब स्थगित गरि र विद्यमान संक्रमणकालिन स्थितिमा राष्ट्रिय हित अनुरुपकै सन्धि सम्झौता गर्नु पर्दा पनि सर्वपक्षिय राजनीतिक सहमति कायम गरियोस भन्दै प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाए ।[36] भारतीय प्रधानमन्त्री मोदीसँग भेट गरेपछि एमाले अध्यक्ष ओलीले एमालेका कारण विद्युत पिडिए र पिटिए गृहकार्यमा रहेकाले रोएिको भन्न नमिल्ने बताए ।[37]

## बाढी पहिरो

[31] २०७१ साल भदौ १८ गते नेकपा माओवादीले जारी गरेको प्रेस विज्ञप्ति ।

[32] पौडेल, सुरेन्द्र । साउन २०, २०७१ । पिटिए र पिडिए 'दुवै ४५ दिनभित्र' । नागरिक, पृ १ ।

[33] साउन १९, २०७१ । 'भारतको काम नेपाललाई दखल दिने होइन, आवश्यक पर्दा सहयोग गर्ने हो' । कान्तिपुर, पृ ७ ।

[34] ढुंगाना, चिरञ्जीवी । साउन २०, २०७१ । पहाड विरोधी राजनीति त्याग । अन्नपूर्ण पोष्ट, पृ. १ ।

[35] सुवेदी, अर्जुन । साउन २०, २०७१ । संविधान निर्माणमा सहयोग गर्न राष्ट्रपतिको आग्रह । नागरिक, पृ. २ ।

[36] दश राजनीतिक दलले २०७१ साल भदौ ५ गते प्रधानमन्त्री कोइरालालाई ज्ञापनपत्र बुझाएका थिए ।

[37] अध्यक्ष ओली र भारतीय प्रधानमन्त्रीबीच भेट । Retrieved Semtember 1, 2014 from http://www.cpnuml.org/content/newsdetails/258.html

सिन्धुपाल्चोक, दाङ, सुर्खेत, बाँके, बर्दिया लगायतका जिल्लामा बाढी पहिरोले मानवीयका साथै धेरै भौतिक पूर्वाधारमा क्षति पुर्‍यायो । सिन्धुपाल्चोकको मांखा र राम्चे गाविसमा साउन १७ गते बिहान पहिरो जाँदा १ सय ५६ जनाको ज्यान गयो ।[38] यस क्षेत्रमा सरकारले प्रत्येक मृतकका परिवारलाई तत्काल क्षतिपूर्ति स्वरुप ४० हजार रुपैयाँ दिने घोषणा गर्‍यो । उता साउन २८ र २९ गते आएको बर्षाका कारण बाढी र पहिरोमा परि सुर्खेतामा २८, बर्दियामा १६, दाङमा १४, बाँकेमा ५ र सल्यानामा गरि मध्य पश्चिम क्षेत्रमा १० जिल्लामा ८९ जनाको ज्यान गयो ।[39] भिषण बाढीमा परी कयौं मानिसको ज्यान जोखिमा परेपछि नेपाली काँग्रेस, नेकपा एमाले, एकीकृत नेकपा माओवादी लगायतका राजनीतिक दलहरुले बाढी पहिरो पीडितलाई सहयोग गर्न आफ्ना सभासद् तथा कार्यकर्तालाई निर्देशन दिए । एमालेले बाढी पीडितको सहयोगका लागि भन्दै संस्थागत रुपमा कोष नै खडा गर्‍यो ।

व्यवस्थापिका संसद्मा सभासद्हरुले बाढी पीडितको तत्काल उद्धार गरी तत्काल राहत वितरण तथा पुनर्स्थापना गर्न सरकारसँग माग गरे । बाढी पहिरोमा परेकालाई तत्काल राहत प्रदानका साथै उद्धार नगरेको भन्दै माओवादीले बाढी पहिरो पीडित जिल्लालाई संकटकालिन क्षेत्र घोषणा गर्न माग गर्दै सदन अवरुद्ध गर्‍यो । त्यसपछि विपक्षी दलको नेता समेत रहेको प्रधानमन्त्री सुशील कोइरालाको संयोजकत्वमा उच्चस्तरीय समिति बनाइयो । उच्चस्तरीय राहत तथा पुनर्स्थापना समितिको बैठकले ज्यान गुमाएका परिवारका सदस्यहरुलाई एक लाख रुपैयाँ दिने निर्णय गर्‍यो ।[40]

## निष्कर्ष

विगतमा भएको सहमति कार्यान्वयनलाई लिएर सत्तापक्ष र प्रतिपक्षी दलहरुबीच विवाद हुँदा राजनीतिक समस्या झन् बढ्यो । राजनीति दलहरुबीच द्वन्द्व हुँदा त्यसको प्रत्यक्ष प्रभाव संविधान निर्माण प्रकृयामा देखा पर्‍यो । त्यसले गर्दा राजनीतिक दलबीच छलफल भएपनि विवादित विषयमा निष्कर्षमा पुग्ने वातावरण नै सिर्जना भएन । संविधानका विवादित विषय मिलाउन राजनीतिक दलहरुबीच छलफल मात्र भएर हुँदैन, नियत सफा हुनुपर्छ र आ-आफ्ना पूर्व अडानमा लचिलो हुनुपर्छ भन्ने सन्देश दियो । त्यस अतिरिक्त संविधानसभामा

[38] पहिरोमा पुरिएका १२३ लाई मृत घोषणा, ज्यान गुमाउनेको संख्या १५६ । Retrieved September 4, 2014 http://www.merosindhu.com/1423/

[39] बाढी प्रभावित मध्यपश्चिममा खोजीकार्य तिव्र । Retrieved September 2, 2014 from http://www.bbc.co.uk/nepali/news/2014/08/140817_floodvictims

[40] भदौ ४, २०७१ । कान्तिपुर टिभी ।

आफ्नो हैसियत अनुसार नै राजनीति दलको भावना संविधानमा समावेश हुन सक्छ भन्ने पक्षलाई पनि राजनीतिक दलहरुले ध्यान दिन जरुरी देखियो । संविधानसभाको निर्वाचन भएको दश महिनापछि मन्त्रिपरिषद्बाट १७ जनालाई सभासद्मा मनोनयन गर्दा बदनाम हुनबाट दलहरु जोगिए भने संविधानसभाले पूर्णता पाउने महत्वपूर्ण आधार तयार भयो ।

## महत्वपूर्ण राजनीतिक गतिविधि

**साउन १८**
भारतका प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिने नेपाल भ्रमणका क्रममा काठमाडौंमा । संसदलाई सम्बोधन गर्दै नेपालमा लोकतान्त्रिक संविधान जारी गर्न भारतको सहयोग रहने प्रतिबद्धता व्यक्त ।

**साउन १९**
भारतीय प्रधानमन्त्री मोदीद्वारा राष्ट्रपति रामवरण यादव लगायत राजनीतिक दलका नेताहरुसँग भेटवार्ता ।
एमाओवादीको स्थायी समिति बैठक । अनुशासन उल्लंघन गरेको आरोपमा बाबुराम भट्टराई पक्षका नेताहरु गंगा श्रेष्ठ र रामरिजन यादवलाई कारवाही ।

**साउन २२**
राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता लोकेन्द्रबहादुर चन्दद्वारा अध्यक्ष पशुपति शम्शेर जबरा विरुद्ध सर्वेच्च अदालतमा रिट दायर ।

**साउन २३**
एमालेद्वारा सात बुँदे सहमति कार्यान्वयन लगायतका विषयमा काँग्रेससँग वार्ता गर्ने निर्णय ।
व्यवस्थापिका संसदको बैठक । बाढी पीडितका लागि उद्धार तथा राहत वितरण प्रभावकारी नभएको भन्दै सत्ता पक्षिय सभासद्हरुद्वारा सरकारको आलोचना ।

**साउन २५**
एमाओवादीको बहस व्यवस्थापन समितिको बैठक । सांगठनिक र वैचारिक विवाद टुंग्याउन अध्यक्ष पुष्पकमाल दाहाल र बाबुराम भट्टराई पक्षद्वारा तत्काल गतिविधि रोक्ने निर्णय ।

**साउन २६**
संवैधानिक राजनीतिक तथा संवाद सहमति समिति अन्तर्गतको वार्ता समितिद्वारा पूर्वी र मध्य तराईमा सकृय ५ वटा सशस्त्र समूहसँग वार्ता । चार बुँदे सहमति ।
व्यवस्थापिका संसदको बैठक । राप्रपा नेपालका सभासद्द्वारा बैठक अवरुद्ध ।

**साउन २७**

प्रधानमन्त्री सुशील कोइरालाद्वारा राष्ट्रपति रामवरण यादवसँग भेटघाट । संविधान निर्माण, भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमण लागयतका विषयमा छलफल ।

एमाले केन्द्रीय कमिटीको बैठक । अध्यक्ष केपीशर्मा ओलीद्वारा काँग्रेसले सात बुँदे सहमति कार्यान्वयन नगरेको आरोप ।

**साउन २८**

काँग्रेस, एमाले र एमाओवादीद्वारा संविधानका विवादित विषयमा छलफल शुरु ।

**साउन २९**

एमाले केन्द्रीय कमिटीको बैठक । केन्द्रीय कमिटीमा एक कार्यकाल पूरा गरेकालाई मात्र पोलिट्ब्यूरो सदस्य बनाउन कि नबनाउने भन्नेमा विवाद ।

**साउन ३०**

व्यवस्थापिका संसदको बैठक । बाढी पीडितको तत्काल उद्धार गरी तत्काल रहात तथा पुनर्स्थापना गर्न सभासद्हरुको माग ।

**साउन ३१**

एमाले केन्द्रीय कमिटीको बैठक सम्पन्न । पोलिट्ब्यूरो सदस्यको मापदण्ड बाहेकका विषयमा सहमति ।

**भदौ १**

भारतसँग हुने भनिएको पीडीए र पीटीए रोक्न नेकपा माओवादी सहित १० राजनीतिक दलको माग ।

**भदौ २**

प्रधानमन्त्री सुशील कोइराला र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच भेटवार्ता । संविधान निर्माण लगायतका विषयमा छलफल ।

बाढी पहिरोमा परेकालाई समयमा उद्धार नगरेको भन्दै एमाओवादीद्वारा सदन अवरुद्ध । प्रधानमन्त्री सुशील कोइरालाको संयोजकत्वमा उच्चस्तरीय समिति बनाउने घोषणा ।

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । विभिन्न जनजाति समूहसँग छलफल ।

**भदौ ३**

बालुवाटारस्थित प्रधानमन्त्री निवासमा काँग्रेस पदाधिकारीको बैठक । संविधानका विषयमा पार्टीले बनाउने धारणाबारे छलफल ।

संवैधानिक राजनीतिक संवाद तथा सहमतिको समितिको बैठक । प्रदेश व्यवस्थापिका एकसदनात्मक बनाउन दलहरु सहमत ।

**भदौ ४**

एमाओवादी नेता बाबुराम भट्टराई पक्षद्वारा काठमाडौंमा समानान्तर समिति गठन ।

संवैधानिक राजनीतिक तथा संवाद तथा सहमतिको बैठक । संवैधानिक अदालत राख्ने कि नराख्नेमा छलफल शुरु । राजनीतिक दलहरु पुरानै अडानमा ।

एमाले पदाधिकारीको बैठक । सात प्रदेशमा अडिग रहने निर्णय ।

प्रधानमन्त्री सुशील कोइराला र एमाले अध्यक्ष केपीशर्मा ओलीबीच भेटवार्ता ।

एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल र नेता बाबुराम भट्टराईबीच भेटघाट । पार्टीभित्रको विवादबारे छलफल ।

उच्चस्तरीय रहात तथा पुनर्स्थापना समितिको बैठक । ज्यान गुमाएका सदस्यका परिवारलाई एक लाख रुपैयाँ दिने निर्णय ।

काँग्रेस पदाधिकारीको बैठक । संघीयता र राज्यपुनर्संचनामा सहमतिका लागि लचिलो हुने निर्णण ।

**भदौ ५**

संवैधानिक राजनीतिक संवाद तथा सहमतिका सभापति बाबुराम भट्टराईद्वारा पत्रकारसँग छलफल । माघ ८ गते संविधान जारी गर्नका लागि केही हप्ता निर्णायक हुने भट्टराईको भनाइ ।

प्रधानमन्त्री सुशील कोइराला र एमाले अध्यक्ष केपीशर्मा ओलीबीच भेटघाट । राष्ट्रपतिलाई अनुमोदन गर्नुपर्ने कुरा नगर्न प्रधानमन्त्रीद्वारा आग्रह ।

एमाले पदाधिकारीको बैठक । राज्यपुनर्संरचनामा सात प्रदेश हुने गरी अन्य राजनीतिक दलहरुसँग छलफल गर्ने निर्णय ।

**भदौ ६**

काँग्रेस र एमालेका नेताहरुको बैठक । २६ सभासद, राजदूत नियुक्ति लगायतका विषयमा छलफल ।

**भदौ ७**

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । सभापति बाबुराम भट्टराईद्वारा संविधानका विवादित विषयबारे काँग्रेस, एमाले र एमाओवादीसँग धारणा माग ।

काँग्रेस, एमाले र एमाओवादीको शिर्ष नेताहरुको बैठक । दुई दिनभित्र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने सहमति ।
काँग्रेस र एमाले नेताहरुको बैठक । संविधानका विवादित विषयलाई टुंगो लगाउने गरी तीन दलको छलफललाई तिव्र पार्ने सहमति ।

**भदौ ८**
काँग्रेस, एमाले र एमाओवादीका शिर्ष नेताहरु बैठक । एमाओवादीद्वारा उच्चस्तरीय राजनीतिक संयन्त्र गठनको प्रस्ताव । काँग्रेस र एमालेद्वारा अस्वीकार ।
काँग्रेस र एमालेको बैठक । विवादित विषयमा सहमति खोज्न कार्यदल गठन ।
सर्वोच्च अदालतद्वारा म्याद थप गरेको स्ववियूलाई काम नगर्न आदेश ।
**भदौ ९**

संविधानका विवादित विषयमा काँग्रेस, एमाले, माले र राप्रपाका नेताहरुबीच छलफल ।
एमाओवादीका नेता बाबुराम भट्टराईद्वारा सप्तरीमा समानान्तर समिति गठन ।
काँग्रेस र एमाले नेताहरुको बैठक । रिक्त १६ स्थानमा राजदूत नियुक्त गर्ने सहमति ।

**भदौ १०**
प्रधानमन्त्री सुशील कोइराला र नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यबीच भेटवार्ता ।
न्यायपरिषद्को बैठक । पुनरावेदन अदालतको मुख्य न्यायाधीशमा नियुक्तिका लागि १६ जना न्यायाधीशको नाम सिफारिस ।
व्यवस्थापिका संसदको बैठक । प्रतिपक्षी दलहरुद्वारा विगतमा भएको चार बुँदे सहमति कार्यान्वयन गर्न काँग्रेस र एमालेलाई २४ घण्टे अल्टिमेटम ।

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिद्वारा सर्वोच्च अदालतका न्यायाधीशहरुसँग छलफल । नयाँ संविधानमा संवैधानिक अदालत गठनको व्यवस्था नराख्न सुझाव ।

**भदौ ११**
व्यवस्थापिका संसद सचिवालयद्वारा अदालतको अपहेलना सम्बन्धी वियेधकबारे जनताको राय लिन भदौ मसान्तसम्मको समय ।

एमाओवादी पोलिट्ब्यूरोको बैठक । पार्टीभित्रको विवादबारे छलफल ।
व्यवस्थापिका संसदको समितिहरु सभापति चयन ।

**भदौ १२**
संवैधानिक राजनीतिक सहमति तथा संवाद समितिको बैठक । राष्ट्रियतासँग जोडिएका नेपालको स्वाधिनता, राष्ट्रिय अखण्डता, सार्वभौमिकता र नेपाली जनतामा निहित सार्वभौमसत्तालाई मात्र संविधानको अपरिवर्तनिय धारा मान्न दलहरु तयार ।
संघीय लोकतान्त्रिक गणतान्त्रिक मोर्चाको बैठक । २६ सभासद् मनोनयन नगरेकोमा आपत्ति ।

**भदौ १३**
मन्त्रिपरिषद्को बैठक । १७ जनालाई संविधानसभा सदस्यमा नियुक्त ।
व्यवस्थापिका संसदको बैठक । चार बुँदे सहमति कार्यान्वयन गर्न माग गर्दै एमाओवादी सहितका प्रतिपक्षी दलहरुद्वारा संसदको बैठक अवरुद्ध । सहमति खोज्न तीन दलको बैठक । सहमति हुन सकेन ।

**काँग्रेस,** एमाले र एमाओवादीबीच वार्ता । उच्चस्तरीय राजनीतिक संयन्त्र गठनबारे छलफल ।

**भदौ १४**
काँग्रेस पदाधिकारीको बैठक । संविधानका विवादित विषयमा छलफल ।

**भदौ १५**
व्यवस्थापका संसदको बैठक । विगतको सहमति कार्यान्वयन नगरेको भन्दै संसद बैठक पुनः अवरुद्ध ।
प्रधानमन्त्री सुशील कोइरालाद्वारा राष्ट्रपति रामवरण यादवसँग भेट । राजनीतिक विषयमा छलफल ।
संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । न्यायलयबारे दलहरुसँग छलफल । सहमति जुट्न सकेन ।